## लुम्बिनी प्रदेश अन्तर्गत अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिका वडा नं. ०१ र ०२ स्थित शब्दु क्षेत्रमा रहेको चुनढुङ्गा उत्खनन् गरी खानी संचालानार्थ, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मिति: २०८३/०३/०३

लुम्बिनी प्रदेश अन्तर्गत अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिका वडा नं. ०१ र ०२ स्थित क्षेत्रमा श्री अटल माइन्स एण्ड मिनरल्स प्रा.लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | श्री सागर सिमेन्ट इन्डस्ट्रिज प्रा.लि.<br>लमही नगरपालिका-०५, दाङ्ग, लुम्बिनी प्रदेश |
| **प्रस्तावको व्यहोरा** | प्रस्तावित खानी अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिका वडा नं. ०१ र ०२ स्थित कशब्दु क्षेत्रमा पर्दछ । भौगोलिक अवस्थाका आधारमा यस प्रस्तावित खानी टोंपो सिट नं. ०९८-०६ (१:२५,०००) मा पर्ने २०५६.०० मि. उचाईमा रहेको बिन्दु (नियामक पूर्व ४१७३८७.५० मि. र उत्तर ३०८३६३७.५० मि.) लाई मूल चिन्ह मानी सोबाट पूर्व ११५०.०० मि., पश्चिम ०.०० मि., उत्तर ३३७.५० मि. र दक्षिण ३६२.५० मि. गरि जम्मा ०.८०५ वर्ग कि.मि. खोजतलस क्षेत्रबाट जम्मा वन क्षेत्र २.४२ र निजि जमिन २.२९ हेक्टर खानी क्षेत्रले सम्पूर्ण उत्खनन् गतिविधि र अन्य आवश्यक संरचना निर्माणका लागि कुल ४.७१ हेक्टर प्रयोग गर्नेछ । यस खानी बार्षिक सरदर २७० दिन संचालनमा रहनेछ जस अनुसार दैनिक १२०० मेट्रिक टन र बार्षिक ३,२४,००० मेट्रिक टन चुनढुङ्गा उत्खनन् तथा संकलन गरिनेछ । |
| **प्रभावित पार्न सक्ने जिल्ला / गा.पा.** | अर्घाखाँची जिल्ला / शितगंगा नगरपालिका वडा नं. ०१ र ०२<br>शब्दु आसपासको क्षेत्र । |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के-कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न यस शितगंगा नगरपालिका वडा नं. ०१ र ०२ तथा यस क्षेत्रका बिद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा संरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | श्री अटल माइन्स एण्ड मिनरल्स प्रा. लि.<br>काठमाडौं महानगरपालिका वडा नं. ११,<br>सम्पर्क व्यक्ति : राम मणि भुसाल<br>फोन नं: ९८४०१६६५३१ |
| **परामर्शदाताको नाम र ठेगाना** | सिलिचुङ्ग कन्सल्टेन्सी सर्भिसेज् प्रा.लि.<br>बानेश्वोर, काठमाडौं महानगरपालिका - १०<br>काठमाण्डौं, बागमती प्रदेश<br>ईमेल : sagarbabu1990.sn@gmail.com / फोन नं : ९८४१८९२३६७ |

**भुल सुधार :**

मिति २०८३ साल असार ३ गते बुद्ध दर्पण राष्ट्रिय दैनिक पत्रिकाको वर्ष ११ अंक ३२५ मा प्रकाशित सूचनामा प्रस्तावकको नाम श्री अटल माइन्स एण्ड मिनरल्स प्रा.लि. र प्रस्तावकको ठेगाना लमही नगरपालिका वडा नं.५ दाङ्ग, लुम्बिनी प्रदेश हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरि सच्याइएको व्यहोरा अनुरोध छ।

**अनुरोधक :**

**बजार शाखा**

**बुद्ध दर्पण राष्ट्रिय दैनिक पत्रिका**